सियारी गाउँपालिका
Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office Of Rural Municipal Executive

हर्नैया , रुपन्देही
Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

( सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई)

च.नं./Ref No.:

प.सं./Dispatch No.:

मिति: २०८०।३।२४

## सूचना! सूचना!! सूचना!!!

विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धमा।

यस सियारी गाउँपालिका भित्र स्थायी रुपले बसोबास गरि चालु आ.ब. २०७९।८० मा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ३ र ४ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका जेष्ठ नागरिक अन्य ( ६८ बर्ष माथि ), जेष्ठ नागरिक दलित, जेष्ठ नागरिक एकल महिला, विधवा, लोपोन्मुख जनजाति, क वर्गको परिचयपत्र भएको (पूर्ण अपांग ), ख वर्गको परिचयपत्र भएको (अति अशक्त अपांग), दलित बालबालिका (बाल पोषण भत्ता ) आदि लाभग्राहीहरुले आगामी आ.ब. २०८०।०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम आ.ब. २०८०।०८१ को भाद्र महिनाको मसान्त भित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउन सम्बन्धित वडा कार्यालयमा लाभग्राही स्वयम उपस्थित भई सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनको लागि तपशिलका कागजता सहित तोकिएको ढाँचामा नविकरण फाराम भरि निवेदन दिनुहुन अनुरोध गरिन्छ।

तपसिलः

- लाभग्राहीको नागरिकताको प्रतिलिपि (बालबालिकाको हकमा बाहेका)।
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आमाको वा आमा नभए संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिको नागरिकताको प्रतिलिपी।
- जेष्ठ नागरिक एकल महिला विधवाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- असहाय एकल विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाणपत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम गाउँपालिकाले जारी गरेको परिचयपत्रको प्रतिलिपी,
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति अशक्त भै आफै उपस्थित हुन नसकी संरक्षक, स्याहार गर्ने व्यक्ति मार्फत निवेदन दिएर सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउन सक्नेछन।



रोगनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

सियारी गाउँपालिका
Siyari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi
( सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई)

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

च.नं./Ref No.: ४५४२
प.सं./Dispatch No.: ०८१/०८०

- म्याद भित्र नविकरण नभएका लाभग्राहीको लागत कट्टा गरि सामाजिक सुरक्षा भत्ता रोक्क गरिनेछ, निजले पुनः लाभग्राहीको रुपमा सुचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिन सक्नेछन ।
- लाभग्राहीहरुलाई सामाजिक सुरक्षा फाराम आफु स्थायी बासोबास गरेको वडा कार्यालयबाट निःशुल्क रुपमा उपलब्ध हुने व्यहोरा अनुरोध छ ।

बोधार्थः

१. श्री सुचना प्रविधि शाखाः सुचना *Website* तथा सामाजिक सञ्जालहरुमा *Upload* गर्नुहुन ।
२. श्री सबै वडा कार्यालयहरुः सुचनापाटीमा सुचना टासँ गर्नु हुन ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

"कृषि पर्यटन दिगो पूर्वाधार युक्त नगरी, समावेशी मर्यादित स्वच्छ सियारी "
Web: https://siyarimun.gov.np, Email: siyarimun@gmail.com , panjikaran.siyarimun@gmail.com